# सिद्धिचरण नगरपालिका, ओखलढुंगा
## १ नं. प्रदेश, नेपाल


# स्थानीय राजपत्र

खण्ड १, संख्या ५ मिति २०७५/४/१


**भाग २**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकारको प्रयोग गरी सिद्धिचरण नगरपालिका, ओखलढुंगाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत २०७५ सालको कार्यविधि नं. ५
## सिद्धिचरण नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५"

**कार्यपालिकाबाट पारित मिति २०७५/३/२४ प्रमाणिकरण मिति २०७५/३/३०**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून वमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी गर्ने प्रयोजनार्थ सिद्धिचरण नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम सिद्धिचरण नगरपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम यस नगरपालिकामा दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "संगठित संस्था" भन्नाले नेपाल सरकारको वा सिद्धिचरण नगरपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(घ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(ङ) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृती कर्ताको बीच भएको सम्झैतापत्र वा त्यस्तो सम्झैता पत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका, ओखलढुंगा सम्भनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले सिद्धिचरण नगरपालिकाको नगर प्रमुखलाई सम्भनु पर्छ ।

(ज) "उपप्रमुख" भन्नाले सिद्धिचरण नगरपालिकाको नगर उपप्रमुखलाई सम्भनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भनु पर्छ ।

**(३) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न गराउन नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजा( जतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(४) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनियर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(५) इजाजतपत्रको अवधी र नवीकरण :**

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस नगरपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**(६) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित

संस्थामा झुट्टा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिइने छ ।

(७) **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

(८) **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(९) **बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

# अनुसूची–१

कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

**ईजाजतपत्रको लागि दिईने दरखास्त**

| |
|---|
| दरखास्तवालको फोटो |

**विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।**

श्री सिद्धिचरण नगरपालिकाको कार्यालय
ओखलढुंगा

यस सिद्धिचरण नगरपालिकाको कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सार्वजनिक निर्माण गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखस्त पेश गर्ने फर्म वा कम्पनीको :-

नामः–

ठेगानाः–

पोष्ट बक्सः–          ईमेलः–

टेलिफोन नं.ः-          फ्याक्स नं.ः-

२. फर्म वा कम्पनीको प्रकृति :-

प्राईभेट लिमिटेड कम्पनी          पब्लिक लिमिटेड कम्पनी

एकलौटी          साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थरः–

ठेगानाः–          पोष्ट बक्सः–

टेलिफोन नं.　　　फ्याक्सः-　　　ईमेलः-

४. फर्म वा कम्पनीको विवरणः-

दर्ता नं. :-　　　दर्ता मितिः-

अधिकृत पूजीः-　　　जारी पूजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५. इजाजतपत्र लिन चाहेको वर्गः- (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | **रकम** | **वित्तीय संस्था । बैंकको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

क) प्राविधिक :-

ख) अप्राविधिक :-

ग) अन्य :-

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

# अनुसूची -२

## कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३) संग सम्विन्धित

| क्र. सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत दस्तुर | ईजाजत नविकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजत प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु.५००० |- | १५०० |- | ३००० |- | १००० | - |

# अनुसूची -३

## कार्यविधि को दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (३) संग सम्विन्धित

## इजाजतपत्र

ईजाजतपत्र नं. मितिः-

.............................................. सिद्धिचरण नगरपालिका

......................................... नगर कार्यपालिकाको कार्यालय

................................................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०..... को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ................................. स्थित कार्यालय भएको ......................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

घ

ईजाजतपत्र दिनेको :-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

नविकरण :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मितिः | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | | घ) छाप | गं) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नामः | घ) नामः | |
| | | | | | | | घ) निर्णय मिति : छाप | घ) छाप | पदः हस्ताक्षर छाप | पदः हस्ताक्षर छाप | |

# अनुसूची -५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण :**

(क) ट्रिपर /टयाक्टर (एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर वा रोलर (एक थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले**
**भोजराज खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**